भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १ २०८०, श्रावण १ गते

## भाग-२

**भेरी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय जाजरकोटको**

**सूचना**

# नगर वस संचालन तथा व्यवस्थापन कार्यविधी, २०८०

नगरपालिकाको सबै वडाहरुमा सडक पूर्वाधार निर्माण भईसकेको र स्थानीय नागरिकहरुलाई आवागमनका लागि यातायात सुविधा नभएकोले नगर वस सेवा सन्चालन गर्न अति आवश्यक भएकोले वस सेवालाई सुरक्षित, भरपर्दो, सर्वसुलभ, सेवामुखी र व्यवस्थित रुपमा संचालन गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) तथा भेरी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को ४ ले दिएको अधिकार प्रयोग गरी भेरी नगर कार्यपालिकाले नगर वस संचालन तथा व्यवस्थापन कार्यविधी, २०८० जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम “भेरी नगरपालिकाको नगर वस सेवा सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०” रहेकोछ ।

(२) यो कार्यविधि भेरी नगरकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “ऐन” भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, स्थानीय सरकार सन्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले भेरी नगरपालिकाको नगर वस सेवा सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले भेरी नगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले भेरी नगरपालिकाकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले भेरी नगरपालिकाकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भेरी नगर कार्यपालिकाको कार्यालय प्रमुखलाई सम्झनुपर्छ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको नगर वस सेवा संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ज) "बस" भन्नाले नगरपालिकाले संचालन गरिएको नगर बस सम्झनुपर्छ ।

(झ) "कार्यालय" भन्नाले भेरी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ञ) "साझेदार संस्था" भन्नाले नगर बस सेवा संचालन गर्न कार्यालयसंग सम्झौता गरी बस सेवा संचालन गर्ने ब्यक्ति, फर्म वा कम्पनी सम्झनुपर्छ ।

## परिच्छेद-२
## समिति सम्वन्धी व्यवस्था

**३. नगर वस सेवा संचालन तथा ब्यवस्थापन समिति :** (१) सवारी चालक, सेवा-प्रदायक व्यक्ति, संस्था, कम्पनीले सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय नगर वस सेवा सञ्चालन गरे नगरेको, चालक, परिचालक तथा यात्रुले प्रचलित कानून तथा निर्देशिका बमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानून बमोजिम कारवाही गर्न/गराउन र आवश्यक कारवाहीको सिफारिश गर्न देहाय बमोजिमको नगर वस सन्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ :

| | |
|---|---|
| क. सु शासन तथा संस्थागत विकास समितिको संयोजक | संयोजक |
| ख. कार्यपालिका सदस्य मध्ये १ जना महिला सहित २ जना | सदस्य |
| ग. यातायात ब्यवसायि संघको प्रतिनिधि १ जना | सदस्य |
| घ. उद्योग बाणिज्य संघको प्रतिनिधि १ जना | सदस्य |
| ङ. ट्राफिक कार्यालयको प्रतिनिधि | सदस्य |

च. प्रशासन शाखा प्रमुख सदस्य सचिव

(२) समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्नेछ । तर आवश्यक परेमा सो भन्दा बढी पनि बस्न सक्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार यातायात विज्ञ तथा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउने छ ।

(५) समितिको बैठक भत्ता कार्यपालिका सदस्य सरह हुनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :** (१) नगर वस सन्चालन प्रक्रिया तथा मापदण्ड निर्धारण गर्ने ।

(२) नगर वस संचालन क्षेत्र र समय निर्धारण गर्ने ।

(३) संचालित नगर वस सेवाको अनुगमन गरी पृष्ठपोषण गर्ने र सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने ।

(४) नगर वस सेवा संचालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।

(५) नगर वस सेवाको भाडा दर निर्धारण गर्न मापदण्ड तयार गर्ने र सोको आधारमा वस भाडा निर्धारण गरी स्वीकृतिको लागि कार्यपालिकामा सिफारिस गर्ने ।

(६) नगर वस सेवा संचालनको लागि अन्य आवश्यक व्यवस्था गर्ने ।

(१) नगरपालिका आफैले बस सेवा संचालन गर्नु परेमा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।

क. बस सेवा संचालन गर्न आवश्यक पर्ने जनशक्ति समितिले निर्धारण गर्नेछ ।

ख. बस संचालन गर्न (क) बमोजिम निर्धारण भएको जनशक्ति ज्यालादारीमा नियुक्ति गर्न समितिले समितिले कार्यालयलाई सिफारिस गर्नेछ ।

ग. समितिको सिफारिस अनुसार कार्यालयले ज्यालादारीमा जनशक्ति नियुक्त गर्नेछ ।

घ. निर्धारित वस भाडा संकलन गर्न समितिले तोकेको ढाँचामा नगर पालिकाले टिकट रसिद अभिलेख तयार गरी वस संचालक कर्मचारीलाई उपलब्ध गराउने छ ।

ङ. बस संचालन गर्न आवश्यक पर्ने इन्धन कार्यालयले ब्यवस्था गर्नेछ ।

च. बस मर्मत सम्भार सम्बन्धी व्यवस्था कार्यालयले गर्नेछ ।

छ. समितिको सदस्य सचिवले वस संचालन सम्बन्धी लगबुक सहितको छुट्टै अभिलेख तयार गरी प्रत्यक महिनाको अन्त्यमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।
भाडामा बस सेवा संचालन गर्न मासिक भाडा समितिले निर्धारण गरी नगर कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ र नगर कार्यपालिकाबाट स्वीकृत भए बमोजिम हुनेछ ।

ज. खण्ड (बुँदा ४ को ५) बमोजिम निर्धारण गरिएको मासिक भाडा नगरपालिकालाई बुझाउने प्रक्रिया दुवै पक्षबीच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

झ. तेश्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवा संचालन गर्दा चालकको व्यवस्था कार्यालयले गर्नेछ ।

ञ. तेश्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवा संचालन गर्दा आवश्यक पर्ने इन्धन र मर्मत सम्भारको व्यवस्था तेश्रो पक्ष (Third Party) स्वयंले गर्नुपर्नेछ ।

ट. तेश्रो पक्ष सम्झौता (Third Party Agreement) मार्फत मासिक भाडामा बस सेवा संचालन गर्दा अन्य कुरा प्रचलित कानून तथा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद-३

नगरपालिकाको बस संचालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको दायित्व

६. **व्यक्ति संस्था वा कम्पनीको दायित्व : (१)** नगरपालिकाकाले साझेदारी मार्फत बस सेवा संचालन गर्ने व्यक्ति, संस्था वा कम्पनीसंगको सम्झौता पत्रमा उल्लेखित शर्तको पालनाका साथै देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(क) यात्रुहरुलाई निर्धारित बस बिसौनी बाट मात्र चढ्ने र ओर्लने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने,

(ख) यात्रु, उपभोक्ता वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने,

(ग) चालक र परिचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने,

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सर

सफाई गर्ने/गराउने,

(ङ) अपांगता भएका व्यक्ति, महिला, असक्त, बालबालिका, जेष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति वसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्नेव्यवस्था मिलाउने,

(च) चालक र परिचालकले प्रचलित कानुन बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(छ) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामाग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,

(ज) सवारी साधनमा नगरपालिकाको स्वीकृति बेगर विज्ञापन नगर्ने,

(झ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा वस सञ्चालन गर्दा नगरपालिकाबाट निर्धारण भएको भाडा दर बमोजिम भाडा लिने व्यवस्था मिलाउने,

(ञ) कार्तिक देखि माघ मसान्तसम्म बिहान ६ बजेदेखि साँझ ७ बजेसम्म र बाँकी अन्य महिनाको हकमा बिहान ५ बजेदेखि साँझ ७ बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा बस सेवा संचालन गर्नुपर्ने र आवश्यकता अनुसार अन्य समयमा पनि सेवा संचालनको व्यवस्था मिलाउने,

(ट) सम्बन्धित निकाय वा नगरपालिकाले समय(समयमा तोकेको मापदण्डको पूर्ण रुपमा परिपालना गर्ने,

(ठ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने,

(ड) नगरपालिकाबाट हुने नियमन, अनुगमन कार्यमा सहयोग र समन्वय गर्ने,

(ढ) नगरपालिकाबाट समय समयमा दिइने निर्देशनको अनिवार्य रुपमा परिपालना गर्ने/गराउने ।

**(२) नगर बस सेवा संचालन गर्दा कार्यालयले देहायको कार्य गर्नु गराउनु गर्नुपर्नेछ :**

(क) यात्रुको सुरक्षा व्यवस्था र अनुगमनका लागि बसमा सी.सी.टी.भी. क्यामेरा जडान गर्ने/गराउने,

(ख) सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्विलचेयर सजिलै राख्न सकिने व्यवस्था गर्ने,

(ग) यात्रुवर्ग र सवर्स ाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवा सम्बन्धी जानकारी दिन टोल फ्री-नम्बर, नोटिस बोर्ड सेवा, ईमेल, वाईफाई, सामाजिक

संजाल, भ्वाईस मेल लगायतका प्रविधि जडान गर्ने,

(घ) सार्वजनिक यातायात सेवा सम्बन्धमा मोवाईल र कम्प्युटरबाट सवारी साधनको आगमन तथा रुटहरुको अवस्थितिहरु प्रत्यक्ष देखिने जीपीएस ट्र्याकिङ्ग जडान गरी एप्स प्रयोगमा ल्याउने,

(ङ) यात्रुहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक-रुपमा मान्य हुने टिकटहरु जारी गर्ने,

## परिच्छेद-४

सवारी चालक, परिचालक तथा यात्रुसम्बन्धी व्यवस्था

**७. सवारी चालक :** देहायको योग्यता पुगेको नेपाली नागरिक नगर बसको चालक हुन योग्य मानिनेछ :

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,

(ग) प्रचलित कानुनले अयोग्य नरहेको ।

**८. परिचालक :** देहायको योग्यता पुगेको नेपाली नागरिक नगर वसको परिचालक हुन योग्य मानिनेछ :

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको परिचालक इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,

(ग) प्रचलित कानुनले अयोग्य नरहेको,

**९. चालक, परिचालक तथा यात्रुलाई प्रशिक्षण :** (१) नगरपालिकाले चालक, परि चालक तथा यात्रुहरुलाई सार्वजनिक यातायात सम्बन्धी आधारभूत ज्ञान, सीप, प्रचलित कानूनी व्यवस्था तथा यात्रुसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा वस सन्चालन सम्बन्धी सेवा प्रदायक व्यक्ति, संस्था वा कम्पनीले आफ्ना चालक तथा परिचालकहरुलाई अनिवार्यरुपमा सहभागी गराउनुपर्नेछ ।

(३) चालक तथा परिचालकहरुलाई नगरपालिकाबाट तोकिए बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गरिनेछ ।

(४) नगर वसको प्रयोग गर्ने यात्रु तथा पैदल यात्रुलाई यात्रु अनुशासन तथा

आचरण सम्बन्धमा सचेतनामूलक प्रशिक्षण दिइनेछ ।

(५) चालक तथा सहचालकले कुनै अनैतिक कार्य गरेमा वा कार्यसम्पादन सन्तोष जनक नभएमा निलम्बन वा बर्खास्त र खारेजी गरिने छ ।

**१०. चालकको कर्तव्य :** (१) नगर वस सेवा संचालनमा संलग्न चालकले यात्रुहरुसँग शिष्ट, शालीन र सभ्य व्यबहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर वस सेवा संचालनमा संलग्न चालकले देहायका कार्य गर्नु हुदैंन:

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,

(ख) सवारी साधन चलाउँदा निर्धारित पोशाक नलगाउने,

(ग) बस बिसौनीमा निर्धारित समय भन्दा बढी समय सवारी साधन रोक्ने,

(घ) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीत बजाउने,

(ङ) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउने,

(च) सवारी चलाउँदा मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गर्ने,

(छ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने,

**११. परिचालकको कर्तव्य :** (१) नगर वस सेवा संचालनमा संलग्न परिचालकले यात्रुहरुसँग शिष्ट, शालीन र सभ्य व्यबहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर वस सेवा संचालनमा संलग्न परिचालकले देहायका कार्य गर्नु हुदैंन:

(क) यात्रुसँग निर्धारित भन्दा बढी रकम असुल गर्ने,

(ख) टिकट दिन इन्कार गर्ने,

(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,

(घ) निर्धारित पोशाक नलगाई नगर वस संचालनको परिचालकको काम गर्ने,

(ङ) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(च) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१२. यात्रुको कर्तव्य :** (१) नगर वस सेवा प्रयोग गर्ने यात्रुहरुले चालक, परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम वसमा यात्रा गर्ने यात्रुहरुले देहायका कार्य गर्नु हुदैन:

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्न,

(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने,

(ग) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने,

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्न,

(ङ) म्याद समाप्त भएका वा नक्कली परिचयपत्र देखाई भाडा छुटका लागि दावी गर्ने,

(च) उत्सजिर्त फोहरमैला तोकिएको स्थान वा फोहर संकलन गर्न राखिएको भाँडा-बाहेक अन्यत्र जथाभावी फाल्ने,

(छ) मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(ज) यातायातका साधनमा जडान भएका भौतिक सामाग्रीहरुमा क्षति पुऱ्याउने,

(झ)कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१३. नगर वस सन्चालन हुने रुट :** (१) नगर वस सेवा सन्चालनको लागि समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) अवस्था र आवश्यकताको आधारमा कार्यपालिकाले रुट थपघट गर्न सक्नेछ ।

**१४. यात्रु भाडाको दर सम्वन्धी व्यवस्था :** (१) नगर वस सन्चालनको लागि यात्रु भाडा दर नगर वस सेवा संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार कायम हुनेछ । इन्धन लगायतका पदार्थको मुल्यमा हुने परिवर्तनको आधारमा तोकिएको भाडादरमा थप(घट गर्न सकिनेछ :

## परिच्छेद-५

सवारी चालक र परिचालकको पारिश्रमिक तथा सेवा सुविधा सम्वन्धी व्यवस्था

**१५. सवारी चालक तथा परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा :**

(१) सवारी चालकको पारिश्रमिक तथा तलव भत्ता लगायतका सेवा सुविधा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ र आवश्यकता अनुसार तोकिएको सेवा सुविधामा हेरफेर गर्न सकिनेछ ।

**१६. सवारी चालक र परिचालकको विदा :** (१) सवारी चालक तथा परिचालकको विदा सम्वन्धी सुविधा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद-६

## टिकट सम्बन्धी व्यवस्था

**१७. टिकटको प्रयोग :** (१) बस संचालनमा कागजी र विद्युतीय गरी दुई प्रकारका यात्रु टिकटहरु प्रयोग गर्न सकिनेछ ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गर्नु पर्नेछ ।

**१८. टिकट अनिवार्य दिनुपर्ने :** (१) सवारी साधन बसमा चढनुभन्दा पहिले वा चढे लगत्तै वा वसबाट झर्नु भन्दा पहिले यात्रुहरुसँग तोकिएको भाडा लिई अनिवार्यरुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित परिचालकको हुने छ ।

(२) विद्युतीय टिकट रहेको खण्डमा इ(टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्नेछ ।

(३) यात्रु टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ ।

(४) यात्रु टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ अश्लील सामाग्री तथा सार्वजनिक हित विपरीत हुने सामाग्रीको प्रयोग तथा विज्ञापन गर्न पाइने छैन ।

**१९. टिकट अनिवार्य लिनुपर्ने :** नगरपालिकाले रुट कायम गरी सञ्चालन गर्ने बसको प्रयोग गर्ने यात्रुले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढे लगत्तै वा सवारीबाट झर्नुभन्दा पहिले अनिवार्य रुपमा निर्धारित भाडा तिरी टिकट लिनुपर्नेछ ।

**२०. सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्ने :** (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, शहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई देहाय बमोजिम निर्धारण गरिएको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ ।

क. ५ बर्ष मुनिका बालबालिकालाई भाडा नलाग्ने,

ख. जेष्ठ नागरिक, अपाङ्ग, जनआन्दोलनका घाईते असक्त परिचय पत्र प्राप्त व्यक्तिहरुलाई भाडा नलाग्ने,

ग. विद्यार्थीहरुलाई तोकिएको भाडा दरमा ५० प्रतिशत भाडा लाग्ने

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रुले सम्बन्धित निकायबाट जारी भएको परिचय पत्र वा छुटको सिफारिस पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

(३) उपदफा १ (ग) बमोजिमको सहुलियत भाडा रकम लिदा पाँचले भाग जाने अंक हुनेछ। अन्य छुट सम्बन्धमा यातायात व्यवस्था कार्यालयको नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

२१. **यात्रु बीमा सम्वन्धी व्यवस्था :** कार्यालयले प्रत्येक यात्रुको प्रचलित कानूनले तोके बमोजिम बीमा गर्नुपर्नेछ ।

२२. **नगर वस संचालन सम्बन्धी बिशेष व्यबस्था :** नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्वद्ध संघ(संस्था तथा व्यक्तिहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा नगरवसको संचालन तथा व्यस्थापन गर्न सक्नेछ ।

२३. **मापदण्ड बनाउने अधिकार :** कार्यपालिकाले यस कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

२४. **कार्यविधि संशोधन :** कार्यपालिकाले यस कार्यविधिमा उल्लेखित व्यवस्थाको संशोधन तथा थपघट गर्न सक्नेछ ।

२५. **प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख नभएका बिषयमा प्रचलित संघीय, प्रदेश र स्थानीय कानून बमोजिम हुनेछ ।

२६. **बाधा-अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा -अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा-अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ त्यसरी कार्यपालिकाबाट भएको बाधा-अड्काउ सम्वन्धी निर्णय यस कार्यविधिको अभिन्न अंग मानिनेछ ।

आज्ञाले,
कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकीय अधिकृत